ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

फोन नं. :- ०४६-५७५००५
फ्याक्स नं. :- ०४६-५७५००५
website :- www.ishworpurmun.gov.np
email :- ishworpur2071@gmail.com

प.सं. :- २०७६/०७७
च.नं. :-

**गरिवी निवारणका लावि लघु उद्यम विकास कार्यक्रम (मेडपा)**
**कार्यान्वयनका लागि आशयपत्र आह्वान गरिएको सुचना**
**प्रकाशित मिति २०७७।०९।०८ गते**

यस ईश्वरपुर नगरपालिका अन्तर्गत आ.व. २०७७/०७८ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) मार्फत नयाँ लघु उद्यमी सृजना र स्तरोन्नती तर्फ सिप विकास तालिमहरु सञ्चालन गर्नु पर्ने भएकोले व्यवसाय विकास सेवा प्रदायक संस्था छनौटकोलागि देहायवमोजिमका शर्तहरुको अधिनमा रही आशयपत्र माग गरि दर्ता भएका संस्थाहरुको आशयपत्रहरु वीच प्रतिस्पर्धाबाट योग्यताका आधारमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको छनौट गर्नुपर्ने भएकोले ईच्छुक व्यवसाय सेवा प्रदायक संस्था, गैर सरकारी संस्था ,फर्म वा कम्पनी बाट उक्त कार्यक्रम सञ्चालन गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा रितपुर्वक आशयपत्र पेश गर्न सुचना आह्वान गरिएको छ। आशयपत्रको ढाँचा यस कार्यालयमा रु. १०००।- को रसिद काटी उपलब्ध हुनेछ।

**शर्तहरु :**

**१. आशयपत्रदाताको निम्नानुसारको कागजात तथा प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।**

क. संस्था (व्यवसाय विकास सेवा प्रदायक संस्था, गैर सरकारी संस्था, प्राईभेट वा साझेदारी फर्म वा कम्पनी) को विधान वा प्रबन्धपत्र, नियमावलीमा लघु उद्यम वा व्यवसाय विकास वा सिप विकास तालिम वा आयआर्जन क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको।

ख. संस्था दर्ता भएको अवधि न्यनतम ३ वर्ष पुरा भएको।

ग. संस्था नवीकरण अद्यावधिक भएको।

घ. मूल्य अभिबृद्धि करमा दर्ता भएको।

ङ. आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्र (कर छुट सुविधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो वार्षिक कारोवारको विवरण पेश गरेको प्रमाण।

च. कालो सुचिमा नपरेको स्वघोषण पत्र।

छ. आ.व.२०७६/०७७ को लेखा परिक्षणको प्रतिवेदन।

ज. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता भएको र कम्पनीको हममा सम्बन्धित निकायबाट काम गर्ने ईजाजत पत्र गरेको।

झ.अनुसुची १ अनुसारको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि आशयपत्र फारम।

२०७७।९।८

प्रमुख प्रशासकीय अधिकृत